अनुसूची ३

(दफा ८ को उपदफा (१)सँग सम्बन्धित)

# यशोधरा गाउँ कार्यपालिकाको कार्यालय

**बैदौली, कपिलवस्तु**

## सम्पत्ति विवरण पेश गर्नेबारे सम्पत्तिधनीहरूलाई अत्यन्त जरुरी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७५/०४/०९**

यस यशोधरा गाउँपालिकाले हालसम्म मालपोत असूल गरी आएकोमा स्थानीय सरकार संचालन ऐन, २०७४ तथा यस गाउँपालिकाको स्थानीय आर्थिक ऐन, २०७४ बमोजिम आ.व. ०७५/०७६ श्रावण १ गते देखि एकीकृत सम्पत्ति कर लागू गरिने भएकाले यस गाउँपालिका क्षेत्रभित्र जग्गा रहेका जग्गाधनीहरूलाई आफ्नो जग्गा र सो जग्गामा बनेको संरचना(घर, गोठ, ग्यारेज, टहरा आदि समेत) को विवरण दाखिला गरी यशोधरा गाउँपालिकामा लगत कायम गराउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

सम्पत्तिको विवरण दाखिला गर्ने फाराम आ-आफ्नो वडा अन्तर्गतको वडा कार्यालयबाट यही २०७५/०४/०९ गतेदेखि वितरण हुने हुँदा फाराम प्राप्त गर्नुभई सो फाराममा सम्बन्धित जग्गाधनीले सत्यतथ्य विवरण भरी आगामी २०७५/०४/२५ गतेभित्र आ-आफ्नो वडा अन्तर्गतको वडा कार्यालयमा दाखिला गर्नुहुन जानकारी गराईन्छ । यस्तो विवरण जग्गाधनी आफै वा निजको सगोल परिवारका व्यक्ति वा निजको मञ्जुरीनामा प्राप्त व्यक्तिले मात्र बुझाउन सक्नेछन् । गाउँपालिकाले तोकेको अन्तिम मिति सम्म पनि विवरण दाखिला नगर्ने जग्गाधनीहरूले विलम्ब शुल्क तिर्नुपर्ने हुँदा तोकिएको समय भित्रै आ-आफ्नो सम्पत्ति (घर, गोठ, ग्यारेज, टहरा आदि समेत) को विवरण पेश गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।

एकीकृत सम्पत्ति करको विवरण दाखिला गर्नका लागि आ.व. २०७४/०७५ सम्मको मालपोत र भूमिकर चुक्तागर्नु पर्नेछ । एकीकृत सम्पति कर तिरेपछि सो घर/जग्गामा मालपोत, भूमिकर र घरजग्गा कर नलाग्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

प्रमुख प्रशासकिय अधिकृत